**समृद्द नगर निर्माणको लागि नगरबासीको सहभागिता !**

**आर्थिक तथा पुर्वाधार विकास र सुशासन हाम्रो प्रतिबद्दता !!**

**बागचौर नगरपालिकाको छैठौं नगर सभामा नगरपालिका उपप्रमुख एवम् बजेट तथा योजना तर्जुमा समितिका संयोजक श्री कल्पना पुनले प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०७७।०७८ को
# नीति तथा कार्यक्रम

## बागचौर नगरपालिका, सल्यान
## कर्णाली प्रदेश, नेपाल
## २०७७

**समृद्द नगर निर्माणको लागि नगरबासीको सहभागिता !**

**आर्थिक तथा पुर्वाधार विकास र सुशासन हाम्रो प्रतिबद्दता !!**

***नगर सभाका सभाध्यक्ष महोदय,***

***सभाका सदस्यज्युहरु र अन्य उपस्थित महानुभावहरु ,***

- आज म यस बागचौर नगरपालिकाको छैठौं नगर सभामा बागचौर नगरपालिकाको उप प्रमुख एवं बजेट तथा योजना तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रमको खाका प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।
- यस ऐतिहासिक अवसरमा सर्व प्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको लागी भएका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात महान सहिद तथा बेपत्ताहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते अपाङ्ग योद्धाहरूप्रति हार्दिक सम्मानका साथ अभिवादन प्रकट गर्दछु । न्याय समानता, स्वाधीनता र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।
- हाल विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नोवल कोरोना भाइरस (कोभिड १९) का कारण सम्पूर्ण मानवजातीलाई नै आक्रान्त बनाइरहेको छ । यस कोरोना भाइरसका कारण देश तथा विदेशमा ज्यान गुमाउनु हुने सम्पूर्ण नेपालीहरू लगायत सबै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम महामारीबाट जीवन रक्षाका लागि उच्च सतर्कता एवं संयम अपनाउन समेत सबैमा अपिल गर्दछु ।
- कोरोना विरुद्धको यस मोर्चामा अग्र पङ्क्तिमा खट्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मिहरु लगायत जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, गाडी चालक तथा स्वयंसेवकहरूप्रति हार्दिक धन्यवाद सहित अभिवादन गर्दछु । कोरोना रोकथाम नियन्त्रणमा हामीलाई आर्थिक सहयोग उपलब्ध गराई महत्त्वपूर्ण सहयोग प्रदान गर्नुहुने सहयोगी दाताहरूप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन

गर्दछु । र विभिन्न तवरले सहयोग पुऱ्याउनु हुने विभिन्न व्यक्तित्व तथा आम जनसामुदायहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

- नेपालको ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको क्षेत्रलाई समेटी नेपालको राजनीतिक प्रशासनिक नक्सा अद्यावधिक तथा सार्वजनिक गरी मिति २०७७ जेठ ३१ गते प्रतिनिधि सभाबाट र असार ४ गते राष्ट्रिय सभाबाट नेपालको नयाँ नक्सा समिटिएको नेपालको निशान छाप संशोधन गरी पारित समेत गरेकोमा यस बागचौर नगरपालिका सिङ्गो सङ्घीय संसदप्रति हार्दिक धन्यवाद सहित उच्च सम्मान व्यक्त गर्दछ ।
- सङ्घीय गणतन्त्र नेपालको पहिलो संविधान कार्यान्वयन गर्ने सन्दर्भमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत हामी नगर सभाका सदस्यहरू निर्वाचित भएको पनि तिन वर्ष व्यतीत भैसकेको छ । यो अवधिमा कतिपय कानुनी जटिलता, अस्पष्टता, साधन र श्रोतको सीमितताको बाबजुद नगर बासी बुवा आमा दाजु भाइ तथा दिदी बहिनीहरूबाट व्यक्त भएका जनचाहनाहरूलाई पूर्ण रूपमा सम्बोधन गर्न नसकेता पनि यहाँहरूको चाहना तथा समग्र नगरबासीको हित एवं समग्र विकासका लागि आवश्यकता अनुसार अगाडी बढिरहेको ब्यहोरा यहाँहरू समक्ष अवगत गराउन चाहन्छु ।
- कोभिड-१९ को विश्वव्यापी सङ्क्रमणको कारणबाट उत्पन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती हो । यस विषम परिस्थितिमा हाम्रा आवश्यकता र प्राथमिकता पनि बलिदिएकाले यस आ.व. २०७७।०७८ को बजेट, नीति तथा कार्यक्रम सामान्य अवस्थाको भन्दा फरक हुने कुरा पनि यहाँहरूमा अवगत गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अव म बागचौर नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**प्राथमिकताहरू**

- कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्य
- श्रम तथा रोजगारी
- कृषि
- स्वास्थ्य

- शिक्षा
- पूर्वाधार विकास

अब म क्षेत्रगत आधारमा बजेटका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्य

- कोभिड १९ कार्यका लागि नगरपालिकाको छुट्टै कोष खडा गरिएको छ । सो कोषमा सरकारी, निजी तथा अन्य क्षेत्रबाट रकम जम्मा गर्ने तथा खर्च गर्ने व्यवस्था मिलाइने छ । र यो कोरोना महामारी रहँदा सम्मको लागि यसलाई निरन्तरता दिइनेछ ।
- कोभिड-१९ महामारीका कारण समस्यामा परेका नागरिकहरू दैनिक ज्याला मजदुरी गरी जीवनयापन गर्ने व्यक्तिहरू, गरिब, असहाय, विपन्न तथा रोजगार गुमाएका व्यक्तिहरू वा बेरोजगार व्यक्तिहरूलाई लक्षित गरी श्रममा आधारित राहतका कार्यक्रम सञ्चालन गर्नुका साथै राहत वितरण कार्यलाई अगाडि बढाइने छ ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सामाग्रीहरूको बन्दोबस्त, राहत वितरण, अलपत्र नागरिकहरूको उद्धार तथा व्यवस्थापन, क्वारेनटाइन व्यवस्थापन तथा खानपिनको बन्दोबस्त, आवश्यक औषधि उपचार, स्वयंसेवक परिचालन, आरडीटी तथा पीसीआर परीक्षण, तथ्याङ्क सङ्कलन तथा अनुगमन, सचेतनामूलक कार्यक्रम लगायतका अन्य आवश्यक कार्यहरू गरिदै लगिनेछ ।
- कोभिड १९ को विश्वव्यापी संक्रमण रोकथामको लागि संघ तथा प्रदेश संगको सहकार्यमा आवश्यक स्वास्थ्य, सुरक्षा व्यवस्था मिलाईने छ ।

## श्रम तथा रोजगार

- नगर भित्र सञ्चालन हुने सार्वजनिक विकास निर्माणका  काममा अधिकतम रोजगारीको सिर्जना हुने गरी श्रम प्रधान आयोजना सञ्चालन गरिनेछ ।
- नगरभित्र रहेका काम गर्ने उमेर समूहका जनशक्तिको अभिलेख राखी उनीहरूको सिप पहिचान र सिप विकासका लागि विशेष व्यवस्था गर्ने गरी “हाम्रो नगर हाम्रो पौरख” कार्यक्रम सञ्चालन गरिनेछ।

- नगर भित्र विभिन्न क्षेत्रबाट सिर्जना हुने रोजगारीको सूचना सङ्कलन गर्न सरोकारवाला पक्षहरू सँग अन्तरक्रिया एवं समन्वयको व्यवस्था गरी आवश्यक श्रम शक्ति रोजगार सेवा केन्द्रमा सूचीकृत व्यक्तिबाट लिने व्यवस्था गरिनेछ ।
- विभिन्न सिप विकास तालिमहरू सञ्चालन गरी आत्मनिर्भर बन्न उत्प्रेरित गरिनेछ ।
- कोभिड-१९ को कारणले वैदेशिक रोजगारीबाट फिर्ता भएका, स्वदेशमै रोजगार गुमेका वा बेरोजगार रहेका युवाहरूलाई पारिश्रमिक सहितको विकास निर्माणका काममा परिचालन गरी रोजगारमा आबद्ध गराउने नीति लिइनेछ ।
- कोभिड-१९ जन्य कारणले क्वारेनटाइनमा रहेका व्यक्तिहरूको लागि "बचाऔँ हाम्रो जिवन, बनाऔँ आफ्नो स्थान" कार्यक्रम सञ्चालन गरी रोजगारी प्रदान गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगारका कार्यक्रममा आवश्यकता अनुसार नगरपालिकाको बजेट साझेदारी गरी काम गराईनेछ ।
- दश वर्षे महान जनयुद्ध तथा १९ दिने जनआन्दोलनका घाइते अपाङ्ग सहिद तथा बेपत्ता परिवार एवं न्यून आय भएका व्यक्तिहरूको क्षमताको विशिष्टीकरण गरी रोजगारी लगायतका अन्य काममा प्राथमिकता दिइने छ ।

## आर्थिक विकास तर्फ

### १. कृषि

- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने तर्फ ध्यान दिइने छ । यसका लागि तरकारी, फलफूल, जडीबुटी तथा पशुपालनका लागी पकेट क्षेत्र पहिचान गरी तिनको विकास र पर्वद्धन गर्न आवश्यक कार्यक्रम अवलम्बन गरिने छ । साथै कृषिमा अनुदान र कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम मिलाइने छ ।
- वडा नं. ८ र ९ कोटमौला, वार्ड नं. ३ को खाली लगायतको स्थानमा उत्पादित हुने सुन्तला, वडा नं. ११, १२ र ४ मा उत्पादित आलु लगायतका अन्य क्षेत्रमा उत्पादित तरकारी, अदुवा, बेसार, टिमुर खेतीको आधुनिकीकरण, भण्डारण तथा पैठारीका साथ यस क्षेत्रलाई बाह्य क्षेत्रमा समेत पहिचान दिने कार्य गरिने छ ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

- अर्गानिक तथा बेमौसमी तरकारी खेतीलाई प्राथमिकता दिइनेछ ।
- आलु, सुन्तला लगायतका तरकारी तथा फलफूलबाट कृषकलाई बेमौसमी लाभका लागी चिस्यान केन्द्र निर्माण गरिने छ ।
- वडा नं. ११ र १२ को बाँफुखोलामा आलु पकेट क्षेत्र, वडा नं. ८ र ९ मा सुन्तला पकेट क्षेत्र घोषणा गरी दुवै स्थानमा अनुसन्धान केन्द्र स्थापनाको लागी पहल गरिने छ ।
- किसानहरूको घरमै गएर प्राविधिक सेवा प्रदान गर्न एक वडा एक कृषि तथा पशु प्राविधिक राख्रे व्यवस्था मिलाइने छ ।
- निश्चित कोटा निर्धारण गरी किसानहरूलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याकटर, अन्य उपकरण तथा सामाग्रीहरू वितरण गरिने छ ।
- निश्चित कोटा निर्धारण गरी कृषकहरूलाई ५० प्रतिशत अनुदानमा सिँचाई पोखरी निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरका विभिन्न बालीहरूको सम्भावनालाई अझ व्यवसायीकरण गर्दै लैजान विभिन्न सम्भावित स्थानहरूको माटो परीक्षण कार्यलाई अगाडी बढाइने छ ।
- कृषी क्षेत्रमा लगानी प्रवाह गर्न स्थानिय बैङ्क, वित्तिय संस्था तथा सहकारी मार्फत लिईने कृषि ऋण ब्याजमा अनुदानको व्यवस्था गरिनेछ ।
- कृषक पाठशाला सञ्चालन गरी कृषकका समस्या समाधान गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरित कृषिलाई बढवा दिन फलफूलको बिरुवा रोप्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरभित्रका कृषि योग्य जमिनको वर्गीकरण गरी विवरण अद्यावधिक गरिनेछ ।
- किसान समूह तथा निजि फर्महरुको तथ्याङ्कलाई अद्यावधिक गरी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा समूह तथा फर्म मार्फत उपलब्ध गराउने नीति लिइनेछ ।
- कोभिड १९ का कारण निकट भविष्यमा हुन सक्ने खाद्य संकटलाई न्यूनिकरण गर्न खाद्य सुरक्षामा टेवा पुऱ्याउन २० रोपनी भन्दा माथी बाँझो जमिन प्रयोग गर्ने कृषकहरुलाई प्रोत्सहान स्वरुप रु २० हजार प्रदान गरिनेछ ।
- कृषि तथा पशु व्यवसायमा संक्रामक रोगबाट पर्ने असर न्यूनीकरण गर्न आवश्यक निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- किसानहरुलाई मल, बिउ बेमौसमी तरकारीको बिउ तथा फलफुलका विरुवाहरु निशुल्क तथा सहुलियत अनुदानमा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

- तरकारी, फलफुल, खाद्यान्न खेतिमा संलग्न कृषकहरुलाई संरक्षण गर्न न्यूनतम समर्थन मुल्य निर्धारण गर्ने व्यवस्था मिलाईनेछ ।

## २. पशु सेवा

- पशुपालनबाट अत्यधिक लाभ लिनको लागी नस्ल सुधार कार्यक्रम लागु गरिनेछ ।
- व्यावसायिक पशुपन्छी पालन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- दूध तथा माछा मासुमा आत्मनिर्भर बन्न भैँसी , बाख्रा, कुखुरा, बङ्गुर तथा माछा पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ । साथै खोर, गोठमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।
- पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- क्षेत्र निर्धारण गरी दुग्धजन्य पदार्थको सङ्कलन, वितरण तथा पर्वद्धनका लागी आवश्यक व्यवस्था मिलाइने छ ।
- बेरोजगार युवाहरूलाई व्यवसाय सञ्चालन गर्न ५ लाख सम्मको बैङ्किङ कारोबारमा कृषि ऋण ब्याचको ५० प्रतिशत ब्याज अनुदान कार्यक्रम लागु गरिनेछ ।
- विगत वर्ष देखि सञ्चालनमा आएको सुत्केरी भैँसी भत्ता वितरण कार्यक्रमलाई परिमार्जन गरी बिमा सुनिश्चित भएकाहरूलाई मात्र रु २५०० का दरले भैसीको सुत्केरी भत्ता उपलब्ध गराइनेछ ।
- पशु सेवा प्रसार तथा पशु स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।
- एक वडा एक डिपिङ ट्याङ्की कार्यक्रम लागु गरिनेछ ।
- पशु स्वास्थ्य सेवा लिन वञ्चित भएका बस्तीहरूमा पशु स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ ।
- यस पशु सेवा शाखा अन्तरगत पर्ने टाट्के पशु सेवा क्लिनिकलाई थप व्यवस्थित गरिनेछ ।
- पशुबाट मान्छेमा सर्ने जुनोसिस रोग सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाख्रा भैँसी लगायतका पशुहरूमा देखिने कठिन खालको रोग निदान गर्न तिनीहरूको स्याम्पल सङ्कलन गरी प्रयोगशालामा पठाई रोग निदान गर्ने व्यवस्था मिलाइनेछ ।
- घाँसको श्रोत केन्द्र स्थापना गरिनेछ ।
- किसानहरूलाई उन्नत जातका घाँसहरूको बिउ तथा बिरुवा निःशुल्क वितरण गरिनेछ ।
- नगर भित्र सञ्चालित पशुपंक्षीसंग आबद्ध सबै पाराभेट, एग्रोभेट तथा मासु पसल, डेरी पसलहरूको नियमन/अनुगमन गरिनेछ ।

## ३. पर्यटन

- नगर क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातत्त्वका हिसाबले महत्त्वपूर्ण स्थानहरूको संरक्षण एवं प्रवर्द्धन गरिने छ ।
- अग्ला टाकुरा भ्यु टावरको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

## ४. घरेलु तथा साना उद्योग

- नगरवासीहरूको परम्परागत सिप तथा व्यवसायलाई आधुनिक तथा व्यवसायीकरण गर्दै लैजान सम्भावित घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिने छ ।
- स्थानीय स्तरमा उत्पादित वस्तुहरू तथा कच्चा पर्दाथहरुको प्रशोधन तथा उपयोग स्थानीय स्तरमै गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।
- साना उद्योग सञ्चालनको लागि रु १० लाख सम्मको कारोबारमा अनुदान तथा बैङ्क, वित्तीय संस्था, सहकारी मार्फत सहुलियतपुर्ण कर्जाको व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरको व्यापारीहरुको संस्था उद्योग वाणिज्य संघ तथा अन्य व्यापारिक संगठनहरुको गठन प्रक्रिया अगाडी बढाइने छ ।

# सामाजिक विकास तर्फ

## १) शिक्षा, युवा तथा खेलकुद

- विद्यालयलाई सुरक्षित, बाल मैत्री र शान्ति क्षेत्र कायम गरी विद्यार्थिहरुको चौतर्फी विकासका लागि विविध क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- पञ्च वर्षीय नगर शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- शैक्षिक संस्थाहरूको पूर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- आ.व. २०७७।०७८ को सुरुबाट नै सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी प्रणाली लागु गर्न विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ ।
- यस शैक्षिक सत्रदेखी आधारभूत तहमा स्थानीय पाठ्यक्रमको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्न विद्यालय मिलान, दरबन्दी मिलान गर्ने कार्यलाई अगाडी बढाइने छ ।

- शिक्षकहरूको पेसागत विकास गर्न तालिम तथा अनुसन्धानमूलक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- नगरभित्र शिक्षकहरूको सरुवा प्रणालीलाई व्यवस्थित बनाइने छ । प्रत्येक माध्यमिक विद्यालयमा सोही तहको शिक्षकलाई प्रधानाध्यापकले नेतृत्व गर्ने गरी नगर भित्र कार्यरत मौजुदा मा.वि. तहका शिक्षकहरूलाई जिम्मेवारी प्रदान गरिनेछ ।
- नगर भित्र सञ्चालित स्नातकोत्तर कार्यक्रमका विद्यार्थिहरुको लागी नगरपालिकाले तोकेको अनुसन्धान शीर्षक भित्र रही अनुसन्धान गर्ने विद्यार्थिहरुलाई अनुसन्धान प्रोत्साहन प्रदान गरिनेछ ।
- स्नातक, स्नातकोत्तर योग्यता प्राप्त युवाहरू ( English, Math, Science) लाई आवश्यकताको आधारमा गेस्ट टिचर (Guest Teacher) को रूपमा अध्यापन गर्न परिचालन गरिनेछ ।
- पूर्व प्राथमिक शिक्षा र विकासका सहजकर्ताहरूको लागि तालिम र थप प्रोत्साहन प्रदान गर्ने नीति लिइनेछ ।
- नगर शिक्षा कोषको सञ्चालन गरिनेछ ।
- शिक्षाको पहुँच, गुणस्तर कायम गर्न आवश्यकता अनुसार विभिन्न क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षालाई विद्यार्थी, अभिभावक र समुदायको आशाको केन्द्र बनाउन विद्यालय सुद्दढीकरण, नियमन, सुपर भिजन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- सिकाई सहजीकरण तथा विद्यार्थी मूल्याङ्कनमा नव प्रवर्द्धनकारी नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- मेयर सँग उज्यालो कार्यक्रम अन्तरगत विपन्न, गरिब, जेहेन्दार विद्यार्थिहरुलाई सोलर टुकी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर भित्र प्रतिस्पर्धात्मक वातावरणको सिर्जना गरिनेछ । उत्कृष्ट शैक्षिक उपलब्धि ल्याउने सामुदायिक विद्यालय, शिक्षक,शिक्षिका तथा विद्यार्थीहरूलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता गरिनेछ ।
- शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाई आधुनिक प्रविधि अनुकूल हुने गरी सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइने छ । साथै शैक्षिक संस्थाहरूमा इमेल, इन्टरनेट सेवाको लागि आवश्यक कार्यक्रम बनाई लागु गरिने छ ।

- द्वन्द्व पीडित,जेहेन्दार तथा विशेष प्रतिभा भएका बालबालिकाहरूलाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।
- कक्षा ५ सम्म अध्ययनरत सबै छात्र छात्राहरुलाई दिँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा सुरु कक्षामा नयाँ भर्ना हुने विद्यार्थीलाई अनिवार्य अङ्ग्रेजी माध्यमद्वारा पठनपाठन गराइने व्यवस्था मिलाइनेछ । साथै शिक्षणको माध्यमको रूपमा अङ्ग्रेजी माध्यमलाई प्रत्येक वर्ष क्रमशः थप गर्दै लगिनेछ ।
- प्राविधिक शिक्षालाई शिक्षाको मूल आधारको रूपमा लिई विभिन्न विद्यालयहरूमा माध्यमिक तह देखि नै प्राविधिक शिक्षा विस्तार गर्न पहल गरिने छ ।
- विद्यार्थीको अनुशासन र अभिभावकको सहयोग पूर्ण सक्रियता बढाउन अभिभावक शिक्षा लागू गरिनेछ ।
- एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक खेल मैदानको नीति लिइने छ ।
- खेलकुद क्षेत्रमा पूर्वाधार प्रतियोगिता प्रोत्साहन र प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विगत वर्षमा सञ्चालन गर्दै आइरहेको वडा अध्यक्ष कप तथा मेयर कप खेलकुद प्रतियोगीतालाई निरन्तरता दिइनेछ ।
- युवाहरूको विवरण अद्यावधिक गरी प्रोफाइल तयार गरिनेछ ।
- कोभिड १९ को रोकथाम, विपत् व्यवस्थापन र मानवीय सेवामा युवाहरूलाई उचित परिचालन गरिनेछ। त्यसको लागि वडा तथा नगरपालिका स्तरीय युवा स्वयंसेवक टिम गठन गरिनेछ ।
- युवा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा उद्यमी तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

**२) स्वास्थ्य**

- कोभिड-१९ का कारण स्वास्थ्य क्षेत्रमा पर्न सक्ने जोखिमलाई मध्यनजर गरी स्वास्थ्य क्षेत्रका नियमित कार्यक्रमहरू खोप, गर्भवती जाँच, सुत्केरी सेवा लगायतका सेवालाई नियमित गरिनेछ ।
- नगरभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको स्तर वृद्धि तथा चुस्त सेवा प्रवाहीकरणमा जोड दिइनेछ ।
- सबै वडाहरूमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न एक वडा एक स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनेछ ।

- नगर क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरूमा आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक औषधि र उपकरणको व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ सुव्यवस्थित, दक्ष र क्रियाशिल बनाई राख्न आवश्यक व्यवस्थापन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा सुत्केरी हुन आउने नगर भित्रका महिलाहरू, उपचारको लागि आउने जेष्ठ नागरिकहरू र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा आउँदा जाँदा एम्बुलेन्स भाडामा २५ प्रतिशत छुटको व्यवस्था गरिनेछ । साथै नगर बाहिर उपचारमा जानु परेमा एम्बुलेन्स भाडामा १० प्रतिशत छुटको व्यवस्था गरिनेछ ।
- नगरपालिकाका सबै वडाहरूलाई पूर्ण खोप वडा बनाउन आवश्यक कार्यक्रम गरी नगरपालिकालाई पूर्ण खोप नगरपालिका घोषणा गरिने छ ।
- जेष्ठ नागरिकका लागि नगरपालिका स्तरीय आँखा तथा कान स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- महिलाहरूको लागि नगरपालिका स्तरीय पाठेघर जाँच शिविर सञ्चालन गरिनेछ ।
- कुनै पनि संघ संस्था तथा निकायबाट नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने स्वास्थ्य सम्बन्धी कार्यको लागी  एक द्वार प्रणालीको  नीति लिई नगर स्वास्थ्य शाखाको समन्वयमा मात्र गरिनेछ ।
- निजी स्वास्थ्य संस्थाहरूको नियमन गर्ने कार्य नगर स्वास्थ्य शाखा मार्फत गरिनेछ ।
- योग कक्षा मार्फत जनताको स्वास्थ्यमा सुधार ल्याउन आवश्यकता अनुसार योग शिविर सञ्चालन गरिनेछ ।
- कोभिड-१९ को कारण पर्न सक्ने असरलाई ध्यानमा राखी  मनोपरामर्श सेवा प्रदान गरिनेछ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको  स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- आयुर्वेद स्वास्थ्य सम्बन्धी नेपालको मौलिक, प्राचिन तथा आधारभुत स्वास्थ्य सेवामा समेत समावेस गरिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद स्वास्थ्य ईकाई स्थापना गरिनेछ । साथै त्यसको व्यवस्थापन, औषधी, उपकरण, कर्मचारी दरवन्दी लगायत अन्य आवश्यक कार्यहरु गरिनेछ ।

## ३) खानेपानी

- खानेपानीको उपलब्धता सहज बनाइने छ । खानेपानीको श्रोत नभएका उच्च भु-भागका क्षेत्र र समुदायलाई प्राथमिकताका आधारमा लिफ्ट खानेपानी सेवा उपलब्ध गराउने नीति लिइने छ ।

- यस नगर क्षेत्रभित्र रहेका खानेपानीको मुहानहरू निश्चित मापदण्ड बनाई प्रयोग तथा संरक्षण गरिनेछ ।
- निर्माण भैसकेका मर्मत सम्भार गर्नुपर्ने खानेपानी योजनाहरूको मर्मत सम्भार, सामाग्री खरिद र मर्मत कार्यका लागि वडा तथा नगरपालिकाले एकमुष्ट बजेट राखी आवश्यकताका आधारमा काम गराइने छ । त्यसको लागि उपभोक्ताबाट निवेदन माग गरी सो को प्राविधिक ईष्टमेट उठाई वडा कार्यालय तथा नगरपालिकाबाट मर्मत कार्य गरिनेछ ।
- मेयर सँग हिल ट्याङ्क वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**४) महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता**

- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल संरक्षण, किशोरी सशक्तीकरण, जेष्ठ नागरिक, एकल महिला, घाइते अपाङ्गता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिला, दलित, जनजाति, जनयुद्द तथा जनआन्दोलनका घाइते तथा मध्यम अपाङ्गता भएका व्यक्तिहरूको सिप, क्षमता विकास तथा आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरुको प्रचार प्रसार तथा बजारीकरणको लागि कोशेली घरको स्थापना गरी त्यसको आवश्यक व्यवस्थापन र सञ्चालन महिला समुह / सहकारीद्वारा गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला तथा आमा समुहहरुको सहकारीकरण गर्दै उत्पादन तथा साना उद्योग व्यवसाय सञ्चालन गर्न नगरपालिकाबाट प्रदान गरिने अनुदानमा महिला सहकारीहरुलाइ प्राथामिकता दिइनेछ ।
- विगतमा गरिबी निवारण अन्तरगत सञ्चालन गरिएका घुम्ती कोषहरुलाइ व्यवस्थित गर्न तिनिहरुको तथ्याङ्क लिइ थप सुद्दढिकरण तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- दलित तथा अल्प संख्यक समुदायहरुको परम्परागत सीप क्षमताको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्द विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक कुरीति तथा कुसंस्कारजन्य क्रियाकलापहरू जस्तै जुवा तास,मदिरा सेवन तथा विक्री वितरण,बोक्सी, दाइजो, छुवाछुत प्रथा तथा यौन विकृति जस्ता क्रियाकलापहरू निरुत्साहित गर्न महिला समूह तथा समितिहरूलाई सक्रिय बनाइने छ ।

- अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको डाटा संकलन तथा अभीलेख व्यवस्थापन गरिनेछ ।
- मध्यम अपाङ्गता भएका व्यक्तिहरुको सीप तथा व्यवसायिकता विकास गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान जनक व्यवहार गर्ने संस्कारको विकास गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई कानुन प्रदत्त सेवाको पहुच पुऱ्याउन सरोकारवालाहरुलाई जिम्मेवार बनाईने छ ।
- बाल क्लबहरुको गठन सञ्चालन र सुदृढीकरण गरिनेछ ।
- बालबालिकाहरुको क्षमता विकासको लागि बाल अधिकार सम्बन्धि तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- "बालबालिकासंग मेयर" कार्यक्रम संचालन गरी अभिभावक गुमाएका जोखिममा परेका तथा अपाङ्गता भएका बालबालिकाहरुको खोज पुनर्स्थापना तथा तिनिहरुको आवश्यक व्यवस्थापन गर्ने कार्य गरिनेछ ।
- "उप मेयर संग आज" कार्यक्रम सञ्चालन गरी महिला, जनजाती, सिमान्तकृत दलित तथा पिछडिएका वर्गहरुको लागि अन्तरक्रिया कार्यक्रम राखी निर्धक्कका साथ आफ्ना कुरा राख्न र सुन्न प्रेरित गरिनेछ।
- वाल विवाह न्यूनीकरण गर्न विद्यालय स्तरदेखि वडा टोल स्तरसम्म जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**५) कला साहित्य र संस्कृति**

- यस नगरभित्र लोपोन्मुख कला, साहित्य, संस्कृतिको जगेर्ना विकास र विस्तारका लागि एक कला साहित्य संस्कृति प्रतिष्ठान गठन गरिनेछ ।
- नगर क्षेत्र भित्रका प्रचलित जात्रा, पर्व लगायतका धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- अल्पसङ्ख्यक समुदायको परम्परागत पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्दन गरिनेछ ।

## पूर्वाधार विकास तर्फ

**१. सडक**

- किसानको उत्पादकत्व बढाउन, किसानले उत्पादन गरेको तरकारी, फलफूल, खाद्यान्न, जडीबुटी आदिको विक्रिवितरण, ढुवानी, नागरिकको स्वास्थ्य उपचार तथा हरेक समय आन्तरिक

आवागमनलाई सहज बनाउन स्थानीय रूपमा बनेका कच्ची सडकहरूको मर्मत सुधार अत्यावश्यक छ । त्यसको लागि निर्माण कार्य पुरा भैनसकेका अधुरा सडकहरू पुरा गर्ने र बनेका सडकहरूको मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । अत्यावश्यक बाहेक जथाभाबी नयाँ ट्र्याक खोल्ने कार्य बन्द गरिने छ ।

- नगरपालिकाबाट सञ्चालन गरिने सडक निर्माण तथा मर्मतका योजनाहरुमा ३० प्रतिशत जनश्रम ( ज्याला) बाट र ७० प्रतिशत मेसिनरी औजारहरुबाट गर्ने व्यवस्था मिलाईनेछ ।
- सहिद रिङ रोडको निर्माण कार्यलाई केहि रुट परिमार्जन गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- पुरा भैसकेका सानातिना सडकहरू सुधार तथा मर्मत कार्यको लागि वडा तथा नगरपालिका कार्यालयले एकमुष्ट बजेट राखी आवश्यकताका आधारमा काम गराइने छ ।
- वडाभित्रका सडकहरूको मर्मत सम्भार गर्ने कार्य सम्बन्धित वडाबाटै गर्ने नीति अवलम्बन गरिने छ।
- प्रत्येक वडा कार्यालय तथा स्वास्थ्य संस्था सम्म पुग्ने सडकहरूको स्तरोन्नति तथा मर्मत सम्भार गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्र भित्रका सडकहरूको नियमित मर्मत सम्भारका लागि मुख्य मुख्य सडकहरूमा लायन्स म्यान को व्यवस्था गरी सडकहरूको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।
- यस नगरपालिका भित्र अब बनाइने नयाँ सहायक सडकहरू नाला सहित साढे चार मिटर चौडा हुनुपर्ने नीति लिइनेछ भने बजार क्षेत्र तथा मुख्य सडकहरुको सन्दर्भमा यो नीती लागु गरिनेछैन ।
- पैदल आवागमनलाइ सहज बनाउन गोरेटो, घोरेटो तथा मसानघाट जाने बाटोहरु निर्माण गरिनेछ ।

## २. सिँचाई

- मौजुदा पानीका स्रोतहरूको अधिकतम उपयोग गरी सिँचाई को लागि प्रयोग गर्ने नीति लिइनेछ ।
- सिँचाई डिभिजन र सिँचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरूसँग समन्वय र साझेदारीमा ठुला योजनाहरू कुलो नहर बनाउने कार्यलाई प्राथमिकता दिइने छ ।
- कृषि योग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सेवा पुऱ्याउन साना सिँचाई आयोजना सञ्चालन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ३. विद्युतिकरण

- केन्द्रीय प्रसारण लाइन नपुगेका स्थानहरूमा विधुत लाईन विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- नगरका उपयुक्त मुख्य मुख्य स्थानहरूमा सडक बत्तीको व्यवस्था मिलाइने छ ।

- आवश्यकताका आधारमा सौर्य सोलर बत्तीको व्यवस्था मिलाइने छ ।

### ४. भवन, आवास तथा सहरी सुविधा

- भवन निर्माण कार्यलाई गुणस्तरीय ,सुरक्षित तथा भूकम्प प्रतिरोधात्मक बनाउन नगरपालिकाले भवन निर्माण सम्बन्धी संहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- राष्ट्रिय भवन संहिताको पूर्ण रूपमा पालना गर्दै नगरपालिका भित्र बनिसकेका घरहरूको अभिलेखीकरण र नयाँ बन्ने घरहरूको नक्सा पास कार्यलाई अगाडी बढाइनेछ ।
- सरकारी /सार्वजनिक जग्गाको जथाभाबी व्यक्तिगत उपभोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- सुरक्षा तथा सेवा सुविधाका दृष्ट्रिकोणबाट अनुपयुक्त रहेका आवास क्षेत्रको स्थानान्तरणलाई प्रोत्साहित गरिनेछ ।
- नयाँ निर्माण हुने तथा पुनर्निमाण हुने सरकारी भवन, सार्वजनिक स्थल,सडक यातायात लगायतका पूर्वाधार संरचना अपांग मैत्री बनाउन प्रेरित गरिनेछ ।
- अव्यवस्थित जग्गा प्लटिङलाई निरुत्साहित गरिनेछ ।
- " दिन्न म फोहर आफैं बनाउछु मोहर" भन्ने नारालाई आत्मसाथ गर्दै फोहर मैलाको उचित व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक शौचालय नभएका बजार क्षेत्रमा कम्तीमा एउटा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- यस नगरपालिकाबाट निर्माण गरिने प्रशासनिक तथा सार्बजनिक क्षेत्रका भवनहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरभित्र कम्तीमा एउटा बहु उद्देश्य कर्भड हल निर्माणका लागि आवश्यक जग्गाको व्यवस्थापन गरी निर्माण कार्य अगाडी बढाइने छ ।

## वन, वातावरण,भू संरक्षण,जलाधार संरक्षण तथा विपद् व्यवस्थापन

### १. वन वातावरण

- वनको अधिकार प्रयोगमा सामूहिक संरक्षण र सामूहिक उपभोगको नीति अनुसार सबैले उपभोग र संरक्षण गर्न पाउने नीति अवलम्बन गरिने छ ।
- सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार बनाउँदै वन तथा वातावरण संरक्षण र संवर्द्धनमा जोड दिइने छ ।

- वनमा आगलागी गर्ने, चोरी सिकारी गर्ने, खोलामा विष तथा करेन्ट प्रयोग गरी माछा मार्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारूपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तन सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ । वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरूको न्युनीकरण तथा अनुकूलन गर्दै प्राकृतिक स्रोत साधनको दिगो ब्यवस्थापन गर्ने कार्यक्रम प्राथामिकता साथ संचालन गरिने छ । क्रियाकलापको प्राथमिकिकरण गर्दा ठुला, बहुआयामिक, दीगो, जल, जलाधार, वनजगंल, कृषि, सिचाँई तथा जीविकोपार्जनसगं सम्बन्धित क्रियाकलापको छनौटलाई केन्द्रित गरिनेछ ।
- वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिँदै वातावरण मैत्री योजना सञ्चालन गरिने नीति लिइने छ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।
- बागचौर नगरपालिकालाई धुवाँ रहित नगरपालिका बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- शारदा नदी लगायतका स्थानहरूमा नदी जन्य पदार्थ ढुङ्गा ,गिट्टी ,बालुवा जथाभाबी रूपमा उत्खनन गर्ने कार्यलाई नियन्त्रण गरिने छ । डोजर लगाउने कार्यलाई पूर्ण रूपमा बन्देज गरिनेछ ।
- शारदा नदी लगायतका नदीका मुहानहरूमा माछाका भुराहरू छोड्ने कार्यक्रम गरिनेछ ।
- वन क्षेत्रको संरक्षण र संवर्दन गर्दै वातावरणीय सन्तुलन कायम गरी वन जन्य क्षेत्रको बहु उपयोग गरी आय र रोजगारी सिर्जना गरिनेछ ।
- हरित नगरको अवधारणालाई कार्यान्वयन गर्न खुला क्षेत्र सार्वजनिक भवन तथा विद्यालय एवं निजी क्षेत्र समेत लाई वृक्षारोपण कार्यक्रममा सहभागी गराइनेछ ।
- सामुदायिक वन व्यवस्थापन तथा जडिबुडि उत्पादनलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- वन उपभोक्ता समितिलाई व्यवस्थित गर्नुका साथै वनको आम्दानीलाई व्यवस्थित र पारदर्शी बनाउन वन कार्यालयसंगको समन्वयमा आवश्यक कार्य अगाडी बढाइनेछ ।

### २. भू संरक्षण, जलाधार संरक्षण

- बाढी पहिरो रोकथाम गर्न बाँस निगालो, अम्लिसो, भुईघाँस जस्ता बायो इन्जिनियरिङ प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

- गल्छी खोला किनाराहरूमा भू क्षय हुनबाट बचाउन त्यस्ता ठाउँहरूमा सुख्खा पर्खाल लगाउने र तार जाली भर्ने विधिको अवलम्बन गरिनेछ ।
- जलाधार क्षेत्रको संरक्षण गर्ने नीति लिइनेछ ।

### ३. विपद् व्यवस्थापन

- प्रकोप जन्य महामारीको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक नीतिगत, संरचनागत व्यवस्था गरी २४ सै घण्टा सञ्चालन हुने र्‍यापिड रेस्पोन्स (Rapid Response) टिम गठन गरी परिचालन गरिनेछ।
- नगरपालिकामा खडा गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्रका नदी कटानका जोखिमयुक्त स्थानको पहिचान गरी सो को न्यूनीकरण गरिने छ ।
- विपतको पूर्व तयारीका लागि सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपत् व्यवस्थापनका अत्यावश्यक सामग्रीहरूको आवश्यक बन्दोबस्त मिलाइने छ ।
- जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, स्थानीय समुदायलाई विपद् पूर्व तयारी,विपद् प्रति कार्य,राहत वितरण सम्बन्धी तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास तर्फ

- सामाजिक परीक्षण ,सार्वजनिक परीक्षण ,सार्वजनिक सुनुवाइ तथा अनुगमन र मुल्याङकन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कार्यालयमा विभिन्न प्रकारका सफ्टवेयर तथा सूचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।
- कार्यालयमा विभिन्न प्रकारका मोबाइल एप्स,वेबसाइट (bagchaurmun.gov.np) तथा आधिकारिक जिमेल एकाउन्ट (ito.bagchaurmun@gmail.com, info@bagchaurmun.gov.np) बाट प्रदान गरिने सेवालाई निरन्तरता दिइने छ ।
- योजना निर्माण तथा कार्यान्वयन प्रणालीलाई पारदर्शी बनाइने छ ।
- नगरपालिकाबाट सञ्चालन गरिने आयोजनाहरुमा उपभोक्ता समितिहरुले गर्ने आवश्यक कार्यको लागि उपभोक्ता डायरी बनाइ उपभोक्ता समितिहरुलाई प्रदान गरिनेछ ।
- नगरपालिकाको मौजुदा जनशक्ति व्यवस्थापनमा ओ एन्ड एम सर्भे गरी आवश्यक पर्ने रिक्त दरबन्दी हरू नियम अनुसार स्थायी पदपूर्ति गर्ने व्यवस्था मिलाइने छ ।

- सेवा प्रवाहमा सम्बन्धित शाखालाई जिम्मेवार बनाई प्राप्त गुनासो र उजुरीको तत्कालै सुनवाई हुने व्यवस्था मिलाइनेछ ।
- वडा कार्यालयबाट प्रदान हुने सेवालाई प्रभावकारी बनाउन वडा कार्यालयहरूको प्राविधिक तथा भौतिक पूर्वाधारको अवस्थामा सुधार गरिनेछ ।
- नगरका मुख्य स्थानहरूमा फ्री वाई फाई राख्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा बापतको भत्ता वितरण प्रणाली लाई पारदर्शी तथा सरल बनाउन बैंकिङ प्रणाली मार्फत वितरण गर्ने कार्यलाई जोड दिइने छ । उक्त कार्य सहज नहुँदासम्म सम्बन्धित वडा टोलमा गई वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकाबाट प्रदान हुने सेवा सुविधाका सम्बन्धमा प्रभावकारी नागरिक वडा पत्रको व्यवस्था गरिनेछ ।
- सेवाग्राहीलाई आफूले चाहेको सेवा लिन अनलाइन प्रणाली बाटै आवेदन दिई सेवा प्रवाहलाई अटोमेसनमा लिइने नीति लिइनेछ ।
- भौतिक निर्माण तथा विकास निर्माणका कामलाई छिटो, छरितो तथा प्रभावकारी बनाउन स्थायी पदपुर्ति नहुँदा सम्मका लागि एक वडा एक प्राविधिकको व्यवस्था गरी प्राविधिक जनशक्ति वडामै रहेर काम गर्ने व्यवस्था मिलाइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम, अध्ययन तथा अबलोकनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- जनशक्तिलाई काम प्रति बढी जबाफदेही बनाउन शाखा प्रमुखहरूसँग कार्य सम्पादन करार गरिनेछ ।
- माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरू सँग कार्य सम्पादन सम्झौता गरिनेछ ।
- राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण बिभाग संग सम्बन्धित कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- आ.व. २०७७।०७८ को लागि यस नगरपालिकामा विभिन्न श्रेणीका कामदारहरुको दैनिक तथा मासिक ज्याला दर र निर्माण सामाग्रीहरुको दर रेट निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

## सूचना, सञ्चार तथा प्रविधि

- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सूचना प्रविधिमय बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
- ई लोकल गभरनेन्स ( E-Local Governance) लाई बढवा दिने नीतिलाई निरन्तरता दिँदै सामान्य जानकारी एवं सूचना प्रवाहमा समेत हुँदै आएको कागजको प्रयोगलाई घटाउँदै इलेक्ट्रोनिक्स प्रविधिको प्रयोग गरी सेवा प्रवाहमा पेपरलेस( Paper less) बनाउँदै लगिने नीति लिइनेछ ।
- "जहाँ सञ्चार त्यहाँ संसार" को नीति लिई सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासमा जोड दिइने छ ।
- नगर क्षेत्रभित्र सञ्चालित सञ्चार माध्यामहरुको अनुगमन, निरीक्षण तथा नियमन गरिनेछ ।

## न्याय तथा कानुन

- असल शासन व्यवस्था सञ्चालनको लागि विधिको शासनको आवश्यकता रहन्छ । विधिको शासन भन्नु नै कानुनको सहाराबाट शासकीय पद्धति सञ्चालन गर्नु हो । सङ्घ सरकारबाट कानुनका केही खाकाहरू समय समयमा प्राप्त भएका छन् । प्रदेश सरकारका कानुनहरू पनि निर्माण भई रहेका छन् । हाम्रो यस बागचौर नगरपालिकाले हालसम्म विभिन्न ऐन, नियम, कार्यविधिहरू निर्माण गरेको भए तापनि अझै महत्त्वपूर्ण ऐन, नियम, कार्यविधिहरू निर्माण गर्न बाँकी नै रहेको हुँदा उक्त कानुनहरू निर्माण कार्यलाई आगामी आ.ब.मा पनि निरन्तरता दिइने छ ।
- न्याय सम्पदाको कामलाई छिटो, छरितो तथा व्यवस्थित बनाउने तर्फ ध्यान दिइने छ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी मेलमिलापको माध्यमबाट वडामा नै विवादको समाधान गर्ने व्यवस्थाका लागी सबै वडाहरूमा मेलमिलाप कर्ताहरूको व्यवस्था मिलाइने छ ।
- न्यायिक समिति र मेलमिलाप कर्ताहरुलाई क्रियाशील र दक्ष बनाउन तालिम सञ्चालन गरिने छ ।
- नगर कार्यपालिका तथा नगर सभाका सदस्यहरू र कर्मचारीहरूलाई कानुन तथा न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- जनस्तरसम्म कानुनी परामर्श सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- मेलमिलाप कर्तालाई क्रियाशील बनाई सानातिना विवादहरू वडा स्तरमै हल गर्ने व्यवस्थाका लागि आवश्यक खर्च, स्टसनरी, बेन्च तथा खाजाको व्यवस्था मिलाईनेछ ।
- न्यायिक काममा आवश्यक पर्ने कानुनी परामर्श र मुद्दा फैसलाको लागि एक जना कानुन व्यवसायीको व्यवस्था गरिनेछ ।

### बागचौर नगरपालिकामा हालसम्म बनेका ऐन नियमावली तथा कार्यविधिहरू

- आर्थिक ऐन २०७४
- विनियोजन ऐन २०७४
- बागचौर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४
- बागचौर नगरपालिकाको विनियोजित ऐन(प्रथम संशोधन)२०७४
- बागचौर नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४
- बागचौर नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४
- बागचौर नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण नियमावली २०७४
- बागचौर नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि २०७४
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४
- आर्थिक ऐन २०७५
- विनियोजन ऐन २०७५
- न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७५
- सहकारी ऐन २०७५
- नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५
- राजस्व ऐन २०७५
- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५
- शिक्षा ऐन २०७५
- बागचौर नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७५
- घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५
- गैर सरकारी संस्था गठन तथा व्यवस्थापन निर्देशिका ,२०७५

## अन्य

**१) गैर सरकारी क्षेत्र, टोल विकास संस्था, आमा /महिला समूह**

- यस नगरपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने विकाससँग साझेदार निकायहरूलाई एकद्धार प्रणालीबाट काम गर्ने नीति लिइने छ ।

- नगर भित्रका गैर सरकारी संघ, संस्था तथा समूहको प्रभावकारी परिचालन, नियमन, अनुगमन गर्ने नीति लिइने छ ।
- टोल विकास संस्था, आमा तथा महिला समूह गठन र परिचालनका लागि आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

२) **राजश्व तथा श्रोत परिचालन**

- कोभिड-१९ रोकथाम नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनका कारण आय सङ्कलन प्रभावित भएको र आगामी आ.व.मा समेत यो अवस्था रहन सक्ने भएकोले आगामी आ.व. ०७७।०७८ को लागि यस नगरपालिकाबाट सङ्कलन हुने कर राजश्व एक करोड अनुमान गरिएको छ ।
- यस नगरपालिकामा जम्मा हुनुपर्ने कर/ राजश्व लक्ष्य अनुसार सङ्कलन हुन नसकेकोमा मुख्यतः व्यवसायीहरूले व्यवसाय दर्ता नवीकरणलाई महत्त्व नदिएको र हाल कोभिड १९ का कारण व्यवसाय लगायतका क्षेत्रमा परेको असर समेतलाई ध्यानमा राखी राजश्व सङ्कलन कार्य अगाडि बढाइने छ ।
- "मेरो नगर विकासमा मेरै योगदान, कर तिर्नु असल नागरिकको पहिचान" भन्ने नारालाई आत्मसाथ गरी अधिकतम व्यक्ति र क्षेत्रलाई करको दायरामा ल्याई राजश्व सङ्कलन गर्न राजश्व सुधार कार्य योजना बनाई लागु गरिने छ ।
- घरेलु तथा उद्योग कार्यालयबाट सञ्चालन गरिने उद्योग / व्यवसाय दर्ता तथा नविकरण लगायतका कामहरु नगरपालिकाबाटै गरिने व्यवस्था मिलाइनेछ ।
- कर छली र चुहावटलाई नियन्त्रण गर्दै लिइनेछ ।
- राजश्व सङ्कलन प्रणालीलाई डिजिटल प्रविधि मार्फत व्यवस्थित गरिनेछ ।
- नगर क्षेत्र भित्र परम्परागत रूपमा उपभोग गर्दै आएका राजस्वको दायरा बाहिर रहेका ऐलानी पर्ती जग्गाहरू छुट्ट्याई सो क्षेत्रभित्र रहेका घर, टहरा सञ्चालन तथा निर्माण सम्बन्धी ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याइनेछ ।
- तोकिएको रकम तोकिएको समयमा नबुझाउने र तोकिएको समयमा काम सम्पन्न नगर्ने ठेकेदार कम्पनी तथा निर्माण व्यवसायीलाई काममा सहभागी नगराउने नीति लिइनेछ ।
- कार्यालयबाट प्रदान गरिने कुनै पनि सिफारिस वा सेवा लिन आउँदा सेवाग्राहीले कर बुझाएको प्रमाणको प्रतिलिपि अनिवार्य पेस गर्नु पर्नेछ ।

- सबैभन्दा बढि कर बुझाउने व्यक्ति वा संस्थालाई सम्मान स्वरुप उत्कृष्ट करदाता सम्मान पुरस्कार बापत उसले बुझाएको करको १० प्रतिशतले हुन आउने रकमले पुरस्कृत गरिनेछ ।
- आगामी आ.व.मा बढाइने तथा छुट दिइने करको दरहरू आर्थिक ऐनको अनुसूचीहरूमा उल्लेख गरिनेछ । अन्य बाँकी सबै क्षेत्रहरूमा आ.व. २०७६।०७७ को दरलाई कायम गरिनेछ ।

**३) बजार व्यवस्थापन**

- नगरका कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बाङ्गेलाकुरी, पेदिखोला, सिमखोली, दोभान, रातामाटा, दुवारा, पातिहाल्न, टाट्के, कोटमौला ,पातिहाल्ना, जलेखर्क, चौरपानि जस्ता स्थानहरूमा बजारीकरण हुँदै गइरहेकोले यसलाई समयमै व्यवस्थित गर्न सकिएन भने व्यवस्थित बजारको परिकल्पना गर्न कठिनाइ हुनेछ । बजार विस्तार सँगै उपयुक्त सडक, सडकपेटि, ढल निकास तथा नाली र सार्वजनिक स्थलहरूको व्यवस्थापन गर्दै लगिने छ ।
- बजार क्षेत्रमा रहेका पसलहरूको सामान उक्त पसल रहेका घरको सडक, सडक पेटी र सटर वा ढोका बाहिर जथाभाबी राख्ने कार्यलाई बन्देज लगाइने छ ।
- नगर क्षेत्रमा जथाभाबी रूपमा होर्डिङ्ग बोर्ड राख्ने ब्यानर तथा पोस्टर टास्ने कार्य अशोभनीय भएको हुँदा यस्तो कार्यको लागि नगरपालिका कार्यालयबाट अग्रिम रूपमा स्वीकृति लिनु पर्नेछ ।
- कालो बजारी मूल्य बृद्दि र कृत्रिम अभाव सृजना हुन नदिन बजार अनुगमन संयन्त्रको प्रभावकारी परिचालन गरी नियमित अनुगमन गरी आपूर्ति व्यवस्था सहज गरिनेछ । साथै नियमन कार्यलाई कडाइका साथ लागु गरिनेछ ।
- जथाभाबी जुवा तास खेल्ने तथा मदिरा सेवन गर्ने र बिक्री वितरण गर्ने गराउने कार्य समाजको लागि हानिकारक भएको हुँदा उक्त कार्यलाई निरुत्साहित गरिनेछ ।

**४) नगर प्रहरी तथा सुरक्षा व्यवस्थापन**

- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको नगरपालिकाको सुरक्षा व्यवस्था लगायतका कामहरू व्यवस्थित गर्न नगर प्रहरी गठन गर्ने व्यवस्था गरिनेछ । त्यसको लागी आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।
- नगर क्षेत्रभित्र रहेका सुरक्षा निकायसँग समन्वय र सहकार्य गरी शान्ति सुरक्षा कायम गर्ने लगायतका आवश्यक कार्यहरु गरिनेछ ।

**५) वित्तीय व्यवस्था**

- आर्थिक सहायता कोषमा बजेट व्यवस्था गरी आर्थिक सहायता प्रदान गर्नुपर्ने व्यक्तिहरूलाई सो कोष मार्फत आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- संघ सरकार, प्रदेश सरकार तथा अन्य साझेदार संघ संस्था तथा विकास कार्यालयहरू सँगको साझेदारीमा सम्पन्न गर्नु पर्ने आयोजना तथा कार्यक्रमहरूको लागि छुट्टै समपूरक कोष (Matching Fund) मार्फत गरिने व्यवस्था गरिनेछ ।

**६) गत वर्षमा सञ्चालित कार्यक्रमहरूको निरन्तरता**

- यस नगरपालिकाको चालु आ.व. २०७६।०७७ मा स्वीकृत कार्यक्रम र विनियोजित बजेटबाट सञ्चालन गरिनुपर्ने कतिपय योजना कार्यक्रमहरू आ.व. २०७६।०७७ को अन्तसम्म पनि काम सरु भएर सम्पन्न हुन नसकेका वा भुक्तानी हुन नसकेका कार्यक्रमहरूलाई आगामी आ.ब. २०७७।०७८ मा बजेट सहित निरन्तरता दिइने नीति लिइएको छ ।

**यस बागचौर नगरपालिकालाई हाम्रो नगरपालिका राम्रो नगरपालिका बनाउन यसका अतिरिक्त देहाय अनुसारका अन्य कार्यहरू पनि गर्ने नीति लिइने छ ।**

- डिजिटल नगर प्रोफाइल निर्माण ।
- मेयर संग मजदुर कार्यक्रम ।
- आवधिक नगर विकास योजना निर्माण ।
- विकासमा पछाडि परेका विकट गाउँ बस्तीहरूलाई विकास योजना/कार्यक्रमको केन्द्र बनाउने ।
- विकासका कार्यमा अपनत्व बोध हुने गरी जनसहभागिता वृद्धि गरिने ।
- अति गरिब तथा पिछडिएका वर्गलाई केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नगरको विकासका सम्भावनाहरूलाई प्रवर्द्धन गर्न उद्योग तथा लगानी मैत्री वातावरण बनाइने ।
- नगर भित्र सञ्चालन गरिने ठुला आयोजनाहरूको डी.पी.आर तयार गरिने ।

**सभाध्यक्ष महोदय,**

अन्तमा, नीति तथा कार्यक्रम तर्जुमाका क्रममा मार्ग दर्शन गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू, नि. प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरू, कर्मचारी मित्रहरू र प्रस्तुत नीति तथा कार्यक्रममा महत्त्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने नगर सभाका सदस्यज्यूहरूप्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरूको तदारुकता, सक्रियता तथा आम नगरबासीहरुको पूर्ण साथ सहयोगको

अपेक्षा सहित हाल विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ बाट आफू आफ्नो परिवार र समुदायलाई सुरक्षित राख्न सम्पूर्ण नगर बासीलाई सफलता मिलोस् । धन्यवाद !